## लागतको आधारमा तरकारी खेती प्रर्वद्धन अनुदान कार्यकमको अनुगमन प्रतिवेदन

अनुगमन भ्रमणको औचित्यः भागेश्वर गाउँपालिका अन्तरगतका सबै वार्डहरुका वस्तीहरु
भागेश्वर गाउँपालिका भित्रका कृषकहरुवाट तरकारी उत्पादन गर्ने किसानहरुको पहिचान गरी कार्यान्वयन उत्पादन चरणमा रहेको छ।

बजेट रु १०,३९००० सघीय शसर्त अनुदान

कार्यान्वयन आ व ०८०/०८१

प्रक्रिया :- १५ दिने सूचना प्रकाशित गरेर कृषकको लागत आधारमा तरकारी खेती प्रर्वद्धन अनुदानको निवेदन, कार्यक्रम सकलन र कागजातहरुको छानविन

पहिलो चरणमा लागतमा आधारित उत्पादन गर्ने कृषकहरुको वारीको फिल्ड भ्रमण र प्राविधिक सेवा प्रदान ।

दोस्रो चरणमा उन्नत विउ विजनहरुको दररेट कायम र बजार उपलव्धता भएको स्थानहरु पहिचान गरी किसानलाई जानकारी दिने कार्य ।

गाउ पालिकाको छनौट समितिबाट कृषकहरुको छनौट नामावली प्रकाशन ।

लागत अनुमानको आधारमा तरकारी खेतीको वारेमा कृषकहरुलाई जानकारी ।

आवेदन प्रस्तावना पेश गरेका किसानहरुसग तरकारी खेती लगाउने वारेमा जानकारी गरिएको ।

कार्यान्वयन चरणमा कृषि प्राविधिकहरुलाई किसानहरुको घरदैलो वारी अनुगमन भ्रमण

लागत अनुमान गरेका कृषकहरुले तरकारी लगाएको जग्गाको नाप जाँच गरी क्षेत्रफलको लेखाजोखा

कृषकहरुको लागत अनुमान तरकारी अनुसारको क्षेत्रफलको आधारमा अनुदान सिफारिस प्रतिवेदन

**कार्यक्रमको उद्देश्य निर्धारण**

भागेश्वर गाउँ पालिकाले कृषि उत्पादनमा लागत अनुमानको आधारमा अनुदान कार्यक्रम कार्यान्वयन गरेको छ । अनुदानको रकम आफन्तलाई पोस्नछन भन्ने भ्रमलाई चिरफार गर्दै रोजगारीका लागि विदेश जान वाध्य युवा पुस्ता र सवैको स्वामित्व ग्रहण गर्नको लागि स्वदेशमै काम गर्न प्रेरित गर्दै कृषि प्रर्वद्धनका लागि भनेर दिइने अनुदानको रकम वास्तविक किसानको हातमा पुग्ने गरी यो लागत अनुमान कार्यक्रम लागु गरिएको हो ।

यो वास्तविकतालाई ध्यानमा राखेर भागेश्वर गाउँपालिकाले लागतको आधारमा अनुदानको नौलो अभ्यास सुरु गरेको छ । हिजोका दिनमा नगद वा वस्तुका नाममा किसानलाई सिधै दिएको अनुदान रकम सदुपयोग नभएपछि गाउँपालिकाले लागतको आधारमा अनुदानको अभ्यास सुरु गरेको हो । नगद वा वस्तु अनुदान नदिई लागतको आधारमा अनुदान दिने प्रक्रिया हुनुपर्ने नीतिगत निर्णय गरेको थियो । भागेश्वर गाउपालिका सदरमुकाम नजिकैको गाउपालिका हो । जहाँ पछिल्लो समय बालबालिकाको शिक्षादीक्षा तथा रोजगारीको अवसरका लागि ग्रामीण क्षेत्रमा नै मा वि हरु भएको गाउ पालिका हो ।

यस गाउँपालिकामा तरकारी उत्पादन र बजारको पर्याप्त सम्भावना देखेपछि भागेश्वर गाउँपालिकाले तरकारी उत्पादनमा अनुदानको कार्यक्रम अघि बढाएको हो । यो क्षेत्रमा तरकारी उत्पादनका लागि पर्याप्त सम्भावना पनि छ । जहाँ गाईभैंसी पाल्ने, गोवर मल, खेतीपाती र घाँसको पर्याप्त उपलब्धता छ । रोजगारीका लागि गाउँबाट युवापुस्ता विदेश पलायन हुने क्रम बढ्दो छ । जसको परिणाम उत्पादनयोग्य जमिन बाँझो हुने अवस्थामा पुगेको छ । बाँझो जमिनको सदुपयोग गरी तरकारी खेती गर्दा उत्पादनमा वृद्धि त हुन्छ नै, साथै पशुपालनका लागि पनि पर्याप्त घाँस उपलब्ध हुने हुँदा गोवर मल उत्पादन हुने भएकोले त्यसबाट तरकारी उत्पादनमा वृद्धि हुनेछ । यसरी अन्नबाली र तरकारी उत्पादनबाट किसानलाई पर्याप्त आम्दानी हुन जाने देखिन्छ ।

हिजोका दिनमा कतिपय किसानलाई कृषि पेसामा आकर्षित गर्न अनुदान दिँदै आएका थिए तर यस्तो अनुदानको रकम दुरुपयोग भएको गुनासो सुनिँदै आएको थियो । अनुदानको रकम हात पार्ने र त्यसलाई किसानले अन्यत्र लगानी गर्दा अपेक्षित परिणाम आउन सकेको थिएन । यसो हुँदा आफ्नै हिसावले तरकारी उत्पादन गरेकाहरू तरकारी उत्पादनबाट नाफा नभएपछि पलायन हुन बाध्य भएका उदाहरण पनि छन् । त्यसकारण कृषि व्यवसायबाट वास्तविक किसान पलायन नहुन् भनेर नै भागेश्वर गाउँपालिकाले अनुदान दिने नीतिगत निर्णय गरेको हो

गाउँपालिकामा चालु आर्थिक वर्षका लागि रु. १०३९००० हजार चालु सशर्त बजेट छुट्याएको थियो । नीतिगत प्रक्रिया पूरा गर्न समय लागेका र तरकारी खेती नाप जाँच गर्दा निर्धारित जग्गाको क्षेत्रफल कम भएको कारणले छुट्याइएको सबै रकम चालु वर्षमा खर्च नहुने देखिन्छ ।

अनुगमन तथा कार्यसम्पादन मापन टोली

यस गाउँपालिका कार्यालयको मिति २०८१/१/१५-३० को निर्णयानुसार देहाय बमोजिमको अनुगमन भागेश्वर गाउपालिका भरीका तरकारी उत्पादन गरेको किसानको वारीमा स्थलगत भ्रमण भएको।

क. गाउँ पालिका कृषि ईकाई प्रमुख श्री दान सिह विष्ट — संयोजक
ख. कृषि स्नातक अधिकृत श्री महेन्द्र वहादुर साउँद — सदस्य
ग. कृषि प्राविधिक श्री दिल वहादुर मडै — सदस्य
घ सम्वन्धित वार्ड कार्यालयका कृषि प्राविधिकहरु सवै वडा कार्यालय — सदस्य
ङ सम्वन्धित कृषकहरु

नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगतिको अवस्थाः

| मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि | कैफियत |
|---|---|---|
| भागेश्वर गाउँ पालिकाका कृषकहरुको आय आर्जनमा पहुँचमा अभिवृद्धि | उत्पादन कार्य शुरु भएको र कृषकहरुको जीवनस्तर सुधार हुने । | |

## तरकारी प्रवर्धन कार्यक्रमको फिल्ड नाप जाँच चरणको प्रतिवेदन

१ परिचय

परम्परागत निर्वाहमुखि प्रणालिमा चलिरहेको कृषि प्रणालीलाई नविनतम प्रविधी, जमिनको चक्लाबन्दी, कृषि यन्त्रको प्रयोग गरी तरकारी बालीको उत्पादन र उत्पादकत्व वृद्धीगरी सो बालीको उपलब्धता सुनिश्चतताका साथ तरकारी बालीमा आत्मनिर्भर भन्ने मुल उदेश्यका साथ संघिय सरकार सशर्त अनुदान तर्फको तरकारी प्रवर्धन कार्यक्रममा विनियोजन भई आएको बजेट कार्यान्वयन गर्न संघिय सरकार सशर्त अनुदान कार्यक्रम संचालन कार्यविधी २०८० अनुसार मिति २०८०।०८।०६ गते १५ दिने सूचना प्रकाशन गरी सबै वडाका कृषकहरुबाट कार्यक्रम संचालनको लागि आवेदन संकलन गरी, प्रविधिकको प्रारम्भिक फिल्ड अनुगमन प्रतिवेदनका आधारमा कृषि कार्यक्रम कार्यान्वयन समितिको मिति २०८०।११।०८ गते बसेको बैठकको निर्णयानुसार छनौट भएका कृषकहरुको तरकारी बालीको कृषि प्राविधिकको टोलीले स्थलगत निरिक्षण, अनुगमन तथा क्षेत्रफल नापजाँच गरि यो प्रतिवेदन तयार पारिएको छ ।

२ कार्यक्रमको नाम: तरकारीखेती प्रवर्धन कार्यक्रम

३ कार्यक्रम बजेट रकम रु      १०३१

४ कार्यक्रम संचालन प्रकिया

क सूचना प्रकाशन

तरकारी खेती प्रवर्धन कार्यक्रम संचालन को लागी यस पालिकामा नियमानुसार दर्ता/ नविकरण गरिएका कृषक समूह, कृषि फार्म, कृषि सहकारी तथा उद्यमी कृषकहरुबाट कार्यक्रम संचालनको लागी १५ दिने सुचना प्रकाशन गरी वडामा कृषि प्रविधिकहरु बाट थप कार्यक्रमबारे प्रचार प्रसार तथा कार्यक्रम सम्बन्धी आवश्यक सरसल्लाह प्रदान गरी भागेश्वर गा.पा.का सबै वडाका कृषकहरुबाट कार्यक्रम प्रस्तावना सहितको आवेदन वडा वडामा संकलन गरिएको ।

ख प्रारम्भिक अनुगमन

तरकारी खेती प्रवर्धन कार्यक्रममा सहभागी हुनको लागी संघिय सरकार सशर्त अनुदान कार्यक्रम संचालन कार्यविधी २०८० अनुसार कार्यक्रम संचालनको लागि पहाडको लागी खुल्ला जमिनमा तरकारी खेती गर्नको लागी न्युनतम ३ रोपनी क्षेत्रफल आवश्यक पर्ने हुँदा सो अनुसार न्युनतम क्षेत्रफल भए नभएको, तरकारी खेती प्रति कृषकको तत्परता, लगाव आदी कुरा एकिन गर्नको लागी कृषि विकास इकाईको प्राविधिक टोलि र वडा कृषि प्रविधिकहरुको संयुक्त अनुगमन गरीएको ।

ग कार्यक्रम कार्यान्वयनको लागी समितिको निर्णय

कृषकहरुबाट कार्यक्रम संचालनको लागी आवेदन संकलन र प्रारम्भिक स्थलगत अनुगमन पश्चात संघिय सरकार सशर्त अनुदान कार्यक्रम संचालन कार्यविधि २०८० मा तरकारी प्रवर्धन कार्यक्रम संचालनको न्युनतम मापदण्डमा पहाडको हकमा न्युनतम ३ रोपनीमा खुल्ला जमिनमा तरकारी खेती गर्ने कृषकहरुलाई बढिमा प्रति रोपनी रु ३००० उपलब्ध गराउन सकिने प्रावधान रहे अनुसार मिति २०८०।११।०८ मा कृषि विकास कार्यक्रम कार्यान्वयन समितिको बैठक बसी सोहि मुदाका आधारमा तरकारी खेती प्रवर्धन कार्यक्रममा आवेदन दिएका कृषकहरु मध्यबाट न्युनतम ३ रोपनी क्षेत्रफलमा तरकारी खेती गर्ने कृषकलाई प्रति रोपनी रु २५०० उपलब्ध गराउने निर्णय भएको ।

५ कृषि विकास कार्यक्रम कार्यान्वयन समिति बाट छनौट भएका कृषकहरुको फिल्ड नापजाँच गर्दा विवरण

छनौट भएका कृषकहरुको खेतबारी मिति २०८१।०१।१३ देखि २०८१।०१।१९ सम्म स्थलगत अनुगमन गरी नापजाँच गर्दा देहाय बमोजिमको देखियो

| क.स | योजना माग गर्ने व्यक्ती/समुह/फर्म | सम्पर्क व्यक्ती | ठेगाना | सम्पर्क न. | बाली | अनुदान दिइने अधिकतम क्षेत्रफल रोपनीमा | फिल्ड नाप जाँच गर्दा तरकारी लगाएको क्षेत्रफल | अनुदान पाउने क्षेत्रफल | दर | अनुदान पाउने जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | घाटाल कृषि तथा पशुपन्छी फर्म | कृष्ण नाथ | वाई न ४ डडानि | ९७६९८८०८६० | टमाटर,काउली, खुर्सानी | १० | ८.४० | ८.४० | २५००.०० | २१०००.०० | |
| २ | अविरल कृषि तथा पशु पालन फर्म | प्रेम नाथ | वाई न ४ डडानि | ९८४८९९४९८६ | सिम्पा, काका, काउली,खुर्सानी | १७ | १३.०१ | १३.०० | २५००.०० | ३२५००.०० | |
| ३ | न्यु आशिक कृषि तथा पशुपन्छी फर्म | गणेश ब. बोहरा | वाई न. ४ चौड | ९८६५४७३२३४ | | ३ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| ४ | कल्पना भट्टराई | कल्पना भट्टराई | वार्स न ४ | ९८६८९६१४८१ | काका,खुर्सानी | ३ | ३.६५ | ३.०० | २५००.०० | ७५००.०० | |
| ५ | द्रोपती भट्टराई | द्रोपती भट्टराई | वाई न. ४ पिपलडाडा | ९७६८४९४४९१ | काउली,बन्दा,टमाटर, काका | ३ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| ६ | हिरा देवी भट्टराई | हिरा देवी भट्टराई | वाई न.४ पिपलडाडा | ९८६८५१५६६९ | | ३ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| ७ | चन्द्रदेव भट्टराई | चन्द्र देव भट्टराई | वाई न ४ पिपलडाला | ९७६५२९२७९९ | काउली,बन्दा,टमाटर, काका | ६ | ८.५३ | ६.०० | २५००.०० | १५०००.०० | |
| ८ | ब्रहम कृषि तथा पशु पालन फर्म | प्रेम सिंह बुढाएर | वाई न ४ | ९८४८९९४९८३ | | ५ | ५.६३ | ५.०० | २५००.०० | १२५००.०० | |
| ९ | निर्मला कृषि तथा पशुपन्छी फर्म | दान बहादुर बोहोरा | वाई न. ४ चौड | ९८४८८७११८७ | | ६ | ३.३४ | ३.३४ | २५००.०० | ८३५०.०० | |
| १० | निर्मला नाथ | निर्मला नाथ | वाई न ४ डडानि | ९७६२८४०७१९ | काका, सिम्पा , खुर्सानी | ३ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| ११ | तारा सिंह बुढाएर | तारा सिंह बुढाएर | वाई न ४ | | | ३ | ३.३१ | ३.०० | २५००.०० | ७५००.०० | |
| १२ | अर्जुन घर्ती | अर्जुन घर्ती | वाई न ४ | ९८६२४६१९६१ | टमाटर, काका, खुर्सानी | ८ | ३.८३ | ३.८३ | २५००.०० | ९५७५.०० | |
| १३ | राजेन्द्र भट्टराई | राजेन्द्र भट्टराई | वाई न ४ | ९८६५९८८६२३ | टमाटर, काउली, काका | ४ | ३.८९ | ३.८९ | २५००.०० | ९७२५.०० | |
| १४ | देवकी देवी कामि | देवकी देवी कामि | वाई न ४ | ९८४१६५१९५८ | काका, सिम्पा , खुर्सानी | ५ | ३.०४ | ३.०० | २५००.०० | ७५००.०० | |
| १५ | पुजा बहु उद्देश्यिय तरकारी फलफुल तथा पशु विकाश फर्म | भिम दत्त जोशी | वाई ४ | ९८४८८०२१३१ | काका,टमाटर, सिम्पा, खुर्सानी | १० | ६.५१ | ६.५१ | २५००.०० | १६२७५.०० | |
| १६ | समिप कृषि पशुपन्छी तथा माछा पालन फर्म | प्रेम बहादुर ओड | वाई न ४ | ९८४८७३३४२१ | टमाटर, काका,खुर्सानी,काउली,करेला | २७ | १०.०० | १०.०० | २५००.०० | २५०००.०० | |
| १७ | नवदुर्गा कृषि तथा पशुपन्छी फर्म | सरस्वती भट्टराई | वाई न ४ सावकम | ९८६५६९८६०० | काका,टमाटर, सिम्पा, खुर्सानी | ६ | ३.०१ | ३.०० | २५००.०० | ७५००.०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | राजेन्द्र पनेरु | राजेन्द्र पनेरु | वार्ड न ४ लाकम | ९८६८७९६२२५ | सिम्ला, काका,खुर्सानी | ७ | ४.०४ | ४.०० | २५००.०० | १००००.०० | |
| १९ | गणेश प्रसाद भट्टराई | गणेश प्रसाद भट्टराई | वार्ड न ४ दगसाज | ९८६३३६४१५० | सिम्ला, काका,खुर्सानी | ४ | ४.१७ | ४.०० | २५००.०० | १००००.०० | |
| २० | जय बहादुर बुढाएर | जय बहादुर बुढाएर | वार्ड न ४ ऐडुगरा | | | ३ | ३.३१ | ३.०० | २५००.०० | ७५००.०० | |
| २१ | नागार्जुन कृषि तथा पशुपन्छी फर्म | बिश्मान नाथ | वार्ड न ४ रुपसिगाड | ९८४८३१६३९१ | | ३ | ३.०८ | ३.०० | २५००.०० | ७५००.०० | |
| २२ | शेर बहादुर साउद | शेर बहादुर साउद | वार्ड न. ४ गोलाई | ९८४५०४१९१९ | काका,काउली,सिम्ला,खुर्सानी | १० | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| २३ | बहुमुखी कृषि पुष्प नर्सरी उद्योग | गणेश सिंह बुढाएर | वार्ड न ४ | ९८४७७२८१२३ | टमाटर,सिम्ला, खुर्सानी, प्याज | ९ | ५.५० | ५.५० | २५००.०० | १३७५०.०० | |
| २४ | बिर बहादुर बुढाएर | बिर ब. बुढाएर | वार्ड न ४ | ९८४८८२६८७८ | टमाटर,सिम्ला, खुर्सानी, प्याज | ३ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| २५ | चम्पा सिंह बुढाएर | चम्पा सिंह बुढाएर | वार्ड न ४ एडुगारा | ९७६७०८५५७५ | टमाटर,सिम्ला, खुर्सानी, प्याज | ५ | ३.७९ | ३.७९ | २५००.०० | ९४७५.०० | |
| २६ | हिमाली कृषि पशु तथा फलफूल नर्सरी फर्म | सावित्री बुढाएर | वार्ड न ४ एडुगारा | ९८६५७०१९९५ | टमाटर | ८ | ४.५८ | ४.५८ | २५००.०० | ११४५०.०० | |
| २७ | गोपाल सिंह बुढाएर | | भागेश्वर ४ ऐडुगरा | | काका,काउली,सिम्ला,खुर्सानी | ७ | ६.०८ | ६.०० | २५००.०० | १५०००.०० | |
| २८ | तेज बहादुर बुढाएर | | भागेश्वर ४ ऐडुगरा | | काका,काउली,सिम्ला,खुर्सानी | ५ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| २९ | बिर बहादुर पाल | | भागेश्वर ३ | | काका,काउली,सिम्ला,खुर्सानी | ५ | ३.४६ | ३.४६ | २५००.०० | ८६५०.०० | |
| ३० | श्याम सिंह साउद | | भागेश्वर ३ | | काका,काउली,सिम्ला,खुर्सानी | ३ | ३.०८ | ३.०० | २५००.०० | ७५००.०० | |
| ३१ | मोहन सिंह साउद | | भागेश्वर ४ हिमोला | ९८६६५१२९२२ | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ३.५१ | ३.५१ | २५००.०० | ८७७५.०० | |
| ३२ | कैलाश साउद | | भागेश्वर ४ गोलाई | | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ५.०१ | ५.०० | २५००.०० | १२५००.०० | |
| ३३ | हर्ष बहादुर साउद | | भागेश्वर ४ | ९८४८९९४६५५ | काका,सिम्ला, खुर्सानी, टमाटर | ३ | ३.६७ | ३.०० | २५००.०० | ७५००.०० | |
| ३४ | चाँदनी कुमारी साउद | | भागेश्वर ४ | ९७४९६००३१९ | काका,सिम्ला, खुर्सानी, टमाटर | ३ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| ३५ | बिर प्रकाश साउद | | भागेश्वर ४ | ९८६५८९३०२१ | काका,सिम्ला, खुर्सानी, टमाटर | ३ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| ३६ | ईश्वरी दत्त पन्त | | भागेश्वर ४ बगरकोट | ९८४८७८२००६ | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ३.०८ | ३.०० | २५००.०० | ७५००.०० | |
| ३७ | बिर्गा देवी भट्टराई | | भागेश्वर ४ डड्साज | ९८६८५९३६०२ | काका,सिम्ला, खुर्सानी, टमाटर | ४ | ३.०१ | ३.०० | २५००.०० | ७५००.०० | |
| ३८ | निर्मला भट्टराई | | भागेश्वर ४ लाकम | ९८४८७४०६३७ | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ३.५६ | ३.५६ | २५००.०० | ८९००.०० | |
| ३९ | अर्जुन प्रसाद जोशी | | भागेश्वर ४ लाकम | ९८४८८०६५७८ | काका,सिम्ला, खुर्सानी, टमाटर | ६ | ४.०२ | ४.०० | २५००.०० | १००००.०० | |
| ४० | लक्ष्मण भट्टराई | | भागेश्वर ४ डड्साज | ९८६८३९७३२० | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| ४१ | राम दत्त भट्टराई | | भागेश्वर ४ डड्साज | ९८६५८७५१०३ | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| ४२ | ईश्वरी देवी भट्टराई | | भागेश्वर ४ डड्साज | ९८६५६१६९१९ | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| ४३ | गोपाल भट्टराई | | भागेश्वर ४ | ९८६४३०७५२० | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ३.३० | ३.३० | २५००.०० | ८२५०.०० | |
| ४४ | नेत्र प्रसाद जोशी | | भागेश्वर ४ लाकम | ९८४८८९४८९० | काका,सिम्ला, खुर्सानी, टमाटर | ७ | ५.४६ | ५.४६ | २५००.०० | १३६५०.०० | |
| ४५ | ईश्वरी देवी भट्टराई | | भागेश्वर ४ लाकम | ९८६८५५४६२३ | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ५.९० | ५.०० | २५००.०० | १२५००.०० | |
| ४६ | देव दत्त भट्टराई | | भागेश्वर ४ डड्साज | ९८४८७४०६३७ | काका,सिम्ला, खुर्सानी, टमाटर | ७ | ६.०९ | ६.०० | २५००.०० | १५०००.०० | |
| ४७ | पुजा देवी भट्टराई | | भागेश्वर ४ डड्साज | ९८४१६५५६३८ | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ४.१८ | ४.१८ | २५००.०० | १०४५०.०० | |
| ४८ | गणेश बहादुर बिष्ट | | भागेश्वर ४ घोरडी | ९८४८७१८७३३ | काका,सिम्ला, खुर्सानी, टमाटर | ३ | ३.२१ | ३.०० | २५००.०० | ७५००.०० | |
| ४९ | खेम राज जोशी | | भागेश्वर ४ लाकम | ९८४७७२८२९९ | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ५.७७ | ५.०० | २५००.०० | १२५००.०० | |
| ५० | लक्ष्मी बुढाएर | | भागेश्वर ४ ऐडुगरा | ९८४८७२५७०५ | काका,सिम्ला, खुर्सानी, टमाटर | ५ | ७.८८ | ५.०० | २५००.०० | १२५००.०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५१ | राज बहादुर बुढाऐर | | भागेश्वर ४ | ९८४९७४९८७१ | काका,सिम्ला, खुर्सानी, टमाटर | ६ | ४.६३ | ४.६३ | २५००.०० | ११५७५.०० | |
| ५२ | इन्द्र सिं धताऐर | | भागेश्वर ४ | ९७६७४५५०१० | काका,सिम्ला, खुर्सानी, टमाटर | ३ | ३.०२ | ३.०० | २५००.०० | ७५००.०० | |
| ५३ | तेज बहादुर बुढाऐर | | भागेश्वर ४ | ९८६०२५२५२५ | काका,सिम्ला, खुर्सानी, टमाटर | ४ | ३.०० | ३.०० | २५००.०० | ७५००.०० | |
| | जम्मा | | | | | ३०३ | २३२ | २२१ | २५००.०० | ५५२३५०.०० | |

६ तरकारी खेतबारी नापजाँच गर्दा न्युनतम क्षेत्रफल नपुगेको कृषकको विवरण

लामो समय सम्म पानि नपर्दा , सिंचाईको व्यवस्थापन लागी स्रोत साँत नभई आकाशेपानिको भरमा तरकारी खेती गर्ने कृषकहरुको खेतबारी निरिक्षण गर्दा न्युनतम क्षेत्रफल नपुगेको अवस्थामा अब जेठ र असारको पहिलो हप्ता तरकारी बाली लगाउने जानकारी कृषकहरु बाट प्राप्त भएको ।

| क.स | योजना माग गर्ने व्यक्ती/समुह/फर्म | सम्पर्क व्यक्ती | ठेगाना | सम्पर्क नं. | बाली | अनुदान दिइने अधिकतम क्षेत्रफल रोपनीमा | फिल्ड नाप जाँच गर्दा तरकारी लगाएको क्षेत्रफल | अनुदान पाउने क्षेत्रफल | दर | अनुदान पाउने जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कमल सिंह बुढाएर | कमल सिंह बुढाएर | वार्ड न ४ | | | ३ | १.०६ | | २५००.०० | ०.०० | |
| २ | किरन नाथ | किरण नाथ | वार्ड न ४ | ९८४७५४१३४९ | काका, सिम्ला , खुर्सानी | ३ | | | २५००.०० | ०.०० | |
| ३ | टिका दत्त भट्ट | टिका दत्त भट्ट | वार्ड न ४ | ९८८३८७९०४६ | | ८ | | | २५००.०० | ०.०० | |
| ४ | मोहन सिंह माली | मोहन सिंह माली | वार्ड न ४ | ९८४०६२२५९८ | टमाटर, काउली, काका | ३ | | | २५००.०० | ०.०० | |
| ५ | कालभैरव जलवायु अनुकुलन वातावरण कृषक समुह | बिधान नाथ | वार्ड न ५ | ९७६९५१२७६४ | | ३ | | | २५००.०० | ०.०० | |
| ६ | बिन्द्रा देवी जैशी | | भागेश्वर ५ | | काका,काउली,सिम्ला,खुर्सानी | ४ | ०.६१ | | २५००.०० | ०.०० | |
| ७ | लक्ष्मी प्रसाद पाण्डेय | | भागेश्वर ५ | | काका,काउली,सिम्ला,खुर्सानी | ६ | १.४१ | | २५००.०० | ०.०० | |
| ८ | पार्वती देवी जैशी | | भागेश्वर ५ | | काका,काउली,सिम्ला,खुर्सानी | ४ | ०.०७ | | २५००.०० | ०.०० | |
| ९ | कृष्ण दत्त जैशी | | भागेश्वर ५ | | काका,काउली,सिम्ला,खुर्सानी | ४ | ०.४२ | | २५००.०० | ०.०० | |
| १० | बिस्ना पन्त | | भागेश्वर ५ | | काका,काउली,सिम्ला,खुर्सानी | ४ | ०.५० | | २५००.०० | ०.०० | |
| ११ | पार्वती देवी जैशी | | भागेश्वर ५ | | काका,काउली,सिम्ला,खुर्सानी | ४ | ०.२६ | | २५००.०० | ०.०० | |
| १२ | देवी नाथ | | भागेश्वर ५ | | प्याज, सिमि,खुर्सानी | ३ | | | २५००.०० | ०.०० | |
| १३ | सन्तोस कृषि तथा पशुपंक्षी पालन फर्म | कालु सिंह बोहरा | भागेश्वर १ पुडी | ९८६८५११४९० | | ३ | | | २५००.०० | ०.०० | |
| १४ | हरि सिंह ठगुन्ना ठकुराठी | | भागेश्वर ४ डुगरी | | काका,सिम्ला, खुर्सानी, टमाटर | ४ | | | २५००.०० | ०.०० | |
| १५ | सिद्ध सिंह टेर | | भागेश्वर ४ डुगरी | ९८६६१०५२६५ | काका,सिम्ला, खुर्सानी, टमाटर | ३ | | | २५००.०० | ०.०० | |
| १६ | गोमती देवी साउद | | भागेश्वर ४ | ९८४७१४५५७५ | काका,सिम्ला, खुर्सानी, टमाटर | ३ | १.४९ | | २५००.०० | ०.०० | |
| १७ | इन्दरी देवी जोशी | | भागेश्वर ४ लाकम | ९८४८९९४३७२ | काका,सिम्ला, खुर्सानी, टमाटर | ४ | | | २५००.०० | ०.०० | |
| १८ | महेश प्रसाद जोशी | | भागेश्वर २ | ९८६६३८१४८४ | आलु | ३ | | | २५००.०० | ०.०० | |
| १९ | देव भारती | | भागेश्वर २ | | प्याज खुर्सानी | ३ | १.२७ | | २५००.०० | ०.०० | |
| २० | सुना देवी चन्द | | भागेश्वर ४ डुगरी | | काका,सिम्ला, खुर्सानी, टमाटर | ४ | | | २५००.०० | ०.०० | |
| २१ | लास बहादुर रैसवाल | | भागेश्वर १ कुडी | | काका,सिम्ला, खुर्सानी, टमाटर | ३ | | | २५००.०० | ०.०० | |
| | जम्मा | | | | | ७९ | ७ | ० | २५००.०० | ०.०० | |

लागत आधारमा तरकारी खेती प्रर्वद्धन अनुदानमा देखिएका समस्याहरुः

- उत्पादन गुणस्तरसँग गाँसिएका विषय अध्ययन गर्दा योजनाको परिकल्पना, सम्भाव्यता अध्ययन, विउ विजन सामग्रीका स्रोतहरूको यकिन, योजना प्राथमिकीकरण, योजना छनोट, गुणस्तर प्रत्याभूति गर्ने आधारहरू, मापनका सूचकहरू, प्राविधिक सशक्त टिम, टिमको कार्यक्षमता र इमान्दारिता, अत्याधुनिक खेती, सिचाई, समय र प्रगतिसँग आवद्ध गरिएको हुनुपर्छ ।
- नियमित प्राविधिक अनुगमनवाट मात्र हामीले खोजेको, जनताले चाहेको प्रतिफल प्राप्त गर्न सक्ने देखिन्छ ।
- उन्नत विउ विजन मलखाद र सिचाई गरेर वढी मात्रमा उत्पादन गर्न सकिने ।
- समय समयमा गोडमेल खनजोत हुनुपर्ने ।
- छोटो अवधिमा तयार हुने वेमौसमी तरकारी उत्पादन गर्नुपर्ने।
- कृषि मल, विउ विजन कृषि औजार सामग्रीको अभाव, व्यवस्थित प्रयोगशाला र दक्ष कृषि प्राविधिक जनशक्तिको सधैं अभाव ।
- प्राविधिक कर्मचारीले काम थन्क्याउने प्रवृत्तिको कारण पनि कार्य ढिलाई हुने ।
- जनप्रतिनीधिहरुवाट कृषकहरुका समस्या प्रति समन्वयको कमी ।
- गुणस्तरीय उत्पादनको अभाव ।
- कृषकहरुको उत्पादनमा विचौलियाको विगविगी ।
- कृषकको उत्पादन उपभोक्ता सम्म पुग्दा मूल्य ज्यादै वढी भएको ।


अनुगमनमा देखिएका सकारात्मक पक्ष /सुझावहरूः

- समय भित्रै उत्पादन गरी बजार व्यवस्थापन गर्नु पर्ने।
- कृषकको  तरकारी उत्पादन गुणस्तरीय हुनुपर्ने ।
- कृषकहरुको उत्पादनमा प्राविधिकको प्रत्यक्ष निगरानी र निर्देशन वमोजिम कार्य गर्नुपर्ने ।
- विषादी प्रयोगको गुणस्तर चेकजाचको रिपोर्ट पेश गर्ने । कृषकहरुले सम्वन्धित कृषि प्राविधिकको निर्देशन पालना गर्ने ।
- कार्यालयले खटाइएका कृषि प्राविधिकहरुले उत्पादन अवधिभर कृषकहरुको तरकारी खेतीको प्रत्यक्ष निगरानी गर्नुपर्ने ।
- उचित विउ विजन र सिचाईको प्रयोग गर्ने।

निष्कर्ष

उत्पादन तथा प्रतिफलमा आधारित अनुदान दिदा कृषकहरुमा स्व उत्प्रेरणा जागृत भई तरकारी उत्पादन क्षेत्रफल विस्तार हुनुका साथै उत्पादनमा वृद्धी हुने देखिन्छ। कृषकहरुलाई नियमित अनुगमन, निरिक्षण र आवश्यक प्राविधिक ज्ञान सिप विकास गर्न सके कृषकहरुले झेल्नु परेका समस्या समाधान भई उत्पादनमा थप वृद्धि हुने देखिन्छ ।


लागतको आधारमा तरकारी खेती प्रर्वद्धन उत्पादनस्थलमा नाप जाँचको क्रममा खिचिएको तस्वीरहरु






गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल












भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल























गाउँ कार्यपालिकाको कार्यालय

सुदूरपश्चिम प्रदेश, नेपाल

